प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
दाङ्ग

☎ ०८२-५६०१३०/५६००२५
ईमेल: akcdang@gmail.com
वेबसाईट :dang.akc.gov.np

# कृषि उत्पादन, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना

## प्रथम पटक सूचना प्रकाशन मिति२०७७/०६/२९

कृषि ज्ञान केन्द्र, दाङ्गको आ.व. २०७७/७८ स्वीकृत कार्यक्रम अनुसार **कृषि उत्पादन खाद्य तथा पोषण सुरक्षा कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०७७/०७/१९ गते भित्र) यस कार्यालयमा तपशिलको विवरण सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धी थप जानकारी तथा आवश्यक मापदण्डका लागि यस कार्यालयको सूचनापाटि/वेभसाईट dang.akc.gov.np बाट **जिल्लास्तर कृषि विकास कार्यक्रम सञ्चाषलन विधि, २०७७**डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।साथै निवेदन र प्रस्तावको ढाँचा वेवसाईटको आवेदन फारममा गई प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

| क.सं. | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | अनुदानको सीमा | आवेदकको किसिम | आवश्यक कागजातहरु |
|---|---|---|---|---|---|---|---|
| १ | हरियो मलका लागि ढैचा बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम | मूल बीउ खरिद , वाली संरक्षण, सिचाई सामग्री खरिद , प्रशोधन उपकरण , बोरा तथा बोरा सिलाउने मेशिन आदि खरिद | बीउ उत्पादन कार्यमा कम्तीमा १ बर्ष देखि संलग्न कृषक/ सहकारी/ कृषक समुह तथा निजी फर्म , कम्तीमा २ हेक्टरको क्लष्टरमा हुनुपर्ने। | जिल्लाभर | कुल लागतको ५० प्रतिशत वा प्रति २ हेक्टर रु २ लाख मध्ये जुन कम हुन्छ सोही । | विउ उत्पादक कृषक/सहकारी/ कृषक समुह/निजि फार्म | -अनुसूची-२ बमोजिमको प्रस्तावकको निवेदन<br>- समुह/सहकारी/ निजी कृषि फर्म/कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि<br>-स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि<br>-गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि<br>-कार्यक्रम सञ्चालनको लागि अनुसूची-३ बमोजिमको प्रस्ताव<br>-प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि<br>-प्रस्ताव पेश गर्नेको नागरिकताको |
| २ | तरकारी तथा फलफुल नर्सरी स्थापना /सुदृढिकरण कार्यक्रम | नर्सरीका लागि वीउ तथा बेर्ना, प्राङ्गारिक/ भर्मीकम्पोट मल आदि खरिद , पम्पसेट, मोटर, पाइप, पोखरी, सिंचाइ पूर्वाधार, लगायत , सेड/ग्रीन/नेट हाउस लगायतऔजार/उपकरण आदि खरिद/निर्माण | वार्षिक रुपमा गुणस्तरीय वेर्ना उत्पादन गर्नुपर्ने, विरुवा उत्पादनको लागि आवश्यक जग्गा उपलव्ध हुनुपर्ने। | जिल्लाभर | कूल लागतमा ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम रु. ३ लाख मध्ये जुन कम हुन आउछ सो रकम वा वार्षिक स्वीकृत कार्यक्रम अनुसारको अनुदान | कानून अनुसार दर्ता भएका तरकारी/ फलफुल/पुष्प नर्सरीहरु | |
| ३ | सामुदायिक विउ बैंक/भण्डारण गृह/नश्ल संरक्षण केन्द्र | खाद्यान्न बीउ प्रशोधनका लागी आवश्यक औजार उपकरण खरिद , गोदाम घर , थ्रेसिङ्ग फ्लोर निर्माण , अन्य पूँजिगत सुधार आदि | कृषक समुह तथा कृषि सहकारीले आबेदन पेश गर्न सक्ने, बार्षिक न्युनतम १० मे टन खाद्यान्न बालीको प्रमाणित बीउ उत्पादन गरेको हुनु पर्ने, पुर्वाधार निर्माणका लागी, कम्तिमा ३ कट्टा जमिन आबेदकको स्वामित्वमा रहेको हुनुपर्ने । | जिल्लाभर | प्रति अनुदानग्राही अधिकतम रु ३ लाख वा कुल लागतको ५० प्रतिशत मध्ये जुन कम हुन आउछ सो रकम | विउ उत्पादक कृषक समुह/सहकारी | |
| ४ | महिला लक्षित व्यवसायिक कृषि उत्पादन कार्यक्रम | कृषि बस्तु उत्पादन, सिंचाई, प्रशोधन तथा बजारीकरण। | च्याउ, तरकारी, अदुवा, बेसार, अन्य वाली वस्तु आदि ,तरकारी तथा अन्य बालीको उत्पादनको हकमा प्रति प्रस्ताव आधा हेक्टरको क्षेत्रफल र च्याउ खेतीको लागि न्यूनतम ८०० वल वा पोकामा च्याउ उत्पादन गर्नुपर्ने। | जिल्लाभर | कुल लागतको ५० प्रतिशत वा रु १ लाख मध्ये जुन कम हुन्छ सो रकम | महिला कृषक/समुह/ सहकारी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | तेलहन वाली विकास कार्यक्रम | खायन बाली उत्पादन तथा प्रशोधन, बीज बृद्धि तथा बीउ प्रशोधन, उन्नत जात विस्तार, सिंचाई पूर्वाधार र पोष्ट हार्भेष्ट कृयाकलाप, उर्वराशक्ति व्यवस्थापन,सीप/जन चेतना विकास, बीज बृद्धि सहयोग आदि। | खायन वालीका लागि व्यक्तिगत तराईमा १ हेक्टर र पहाडमा ०.५ हेक्टर र सामुहिक तराईमा ३ हेक्टर र पहाडमा २ हेक्टर , विजवृद्धिका लागि व्यक्तिगत तराईमा १ हेक्टर र पहाडमा ०.५ हेक्टर र सामुहिकका लागि तराईमा २ हेक्टर र पहाडमा १ हेक्टर | जिल्लाभर | कुल लागतको ५० प्रतिशत वा प्रति हेक्टर रु १ लाख मध्ये जुन कम हुन आउछ सो रकम | कृषक/फार्म/ कृषि उद्यमी/कम्पनी /कृषक समूह/सहकारी संस्था | प्रतिलिपि निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा -अनुदानग्राहीले सोही प्रकृतीको कार्यक्रममा विगत दुई वर्ष भित्र अनुदान रकम दुई लाख वा सो भन्दा बढी नपाएको स्वघोषणा पत्र पेश गर्नुपर्ने। |
| ६ | दलहन वाली विकास कार्यक्रम | ,, | ,, | ,, | ,, | ,, | |
| ७ | मौरी विकास कार्यक्रम | आधार चाका, प्याकेजीङ्ग, लेबलिङ्ग र प्रशोधन उपकरण (मह, कुट र मैन) तथा अन्य आवश्यक उपकरण खरिद,उन्नत रानु खरिद, रानु उत्पादन, रोयल जेली उत्पादन, मौरी विष उत्पादन, प्रोपोलिस, मैन उत्पादन तथा विविधिकरण | मौरी सम्बन्धी प्रस्तावित क्रियाकलापमा अनुभव वा तालिम लिएका व्यवसायीलाई प्राथमिकता दिइने, मौरी सहितको कम्तीमा २५ घार मौरी पालन गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने। | जिल्लाभर | कुल लागतको ५० प्रतिशत वा रु १ लाख मध्ये जुन कम हुन आउछ सो रकम | कृषक/फार्म/ कृषि उद्यमी/कम्पनी /कृषक समूह/सहकारी संस्था | |
| ८ | बगर खेती प्रवर्द्धन कार्यक्रम | सिंचाइका लागि पम्पसेट, मोटर, पाइप लगायतको सामग्री खरिद, बीउ बीजन, शुक्ष्म खाद्यतत्व, हार्मोन, विषादी खरिद, डिजिटल तराजु, प्लाष्टिक क्रेट, कैंची, स्प्रेयर लगायतका सामग्री खरिद। | खाली रहेको नदी र खोला/नालाको तटीय क्षेत्रमा सञ्चालन गरिने, व्यक्तिगत भए कम्तिमा ०.५ हेक्टर तर समुहमा भए कम्तिमा १ हेक्टर क्षेत्रफलमा व्यवसायिक रुपमा खेती गर्नुपर्ने, लहरे तरकारी बालीको लागि फूल र फलको बृद्धिको जमिन नछुने गरी व्यवस्था गर्नुपर्ने। | जिल्लाभर | कुल लागतको ५० प्रतिशत वा प्रति हेक्टर रु १ लाख मध्ये जुन कम हुन आउछ सो रकम | कृषक/फार्म /कृषि उद्यमी/कम्पनी/कृषक समूह/सहकारी संस्था | |
| ९ | सिंचित क्षेत्र लक्षित कृषि विकास कार्यक्रम | कृषि वाली उत्पादन तथा प्रशोधन, बीज बृद्धि तथा बीउ प्रशोधन, उन्नत जात विस्तार, उर्वराशक्ति व्यवस्थापन, सीप/जनचेतना विकास,बीज बृद्धि सहयोग आदी | खायन वालीका लागि व्यक्तिगत तराईमा १ हेक्टर र पहाडमा ०.५ हेक्टर र सामुहिक तराईमा ३ हेक्टर र पहाडमा २ हेक्टर , विजवृद्धिका लागि व्यक्तिगत तराईमा ०.५ हेक्टर पहाडमा ०.५ हेक्टर र सामुहिकका लागि तराईमा २ हेक्टर र पहाडमा १ हेक्टर | जिल्लाभर | कुल लागतमा ५० प्रतिशत वा प्रति हेक्टर रु १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने। | कृषक/फार्म/ कृषि उद्यमी/कम्पनी /कृषक समूह/सहकारी संस्था | |

पुनश्चः थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर ०८२-५६०१३० वा सम्पर्क व्यक्ति कृषि प्रसार अधिकृत श्री विनोद सुनार(फोन नं. ९८६८६२६३४३) लाई सम्पर्क गर्नुहुन अनुरोध छ ।